# मालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

अर्खावाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

पत्र सं.: २०८३/०८४

चलानी नं.

मिति: २०८३/०६/०२

ने.सं: ११४६

'सूचना नं. -३२'

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति:२०८३/०६/०२

१. यस मालिका गाउँपालिकाबाट आर्थिक वर्ष २०८३/०८४ को अवधिको लागि तपशिल बमोजिमको स्थानहरुमा ढुङ्गा, गिटि, बालुवा लगायतका नदीजन्य पदार्थहरुको निकासी कर संकलन गर्न ठेक्का बढाबढ प्रक्रिया द्वारा बन्दोवस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनिहरुले तपशिल बमोजिमको शर्तको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सुचित गरिन्छ।

२. यो सूचना प्रकाशन भएको मितिले ७ औं दिन सम्म सिलबन्दी दरभाउपत्र फाराम यस कार्यालयमा सम्बन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अध्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणीत ईजाजत पत्र, अध्यावधिक नविकरण फर्म,संस्था वा कम्पनीको दर्ताको प्रमाणित प्रमाण पत्र, मुल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित पत्र, स्थायी लेखा नं. (PAN) प्रमाणित पत्र, आर्थिक वर्ष २०८१/०८२ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र, नियमानुसारको तपसिलमा उल्लेख सिलबन्दी दरभाउपत्र दस्तुर ग्लोबल आईएमई बैंक, अर्खावाङ्ग कार्यालयमा रहेको आन्तरिक राजश्व खाता नं. ग १-१-३६००४०१००००००६ मा जम्मा गरी भौचरसाथ निवेदन पेश गरेपछी नियमानुसार छुट्टाछुट्टै सिलबन्दी दरभाउपत्र फाराम यस कार्यालयबाट उपलब्ध गराईनेछ।

३. सिलबन्दी पत्र ८ औं दिनको १२ बजेसम्म पेश गरी सक्नुपर्ने र सोही दिनको ठिक १ बजे मालिका गाउँकार्यपालिकाको कार्यालय, अर्खावाङ्ग, गुल्मीमा सिलबन्दी दरभाउपत्र खोलिने छ।

४. सिलबन्दी दरभाउपत्र साथ कुल कबोल गरेको अङ्कको ५ प्रतिशत धरौटी रकम मालिका गाउँपालिकाको ग्लोबल आईएमई बैंक, शाखा कार्यालय, अर्खावाङ्ग, गुल्मीमा रहेको धरौटी खाता नं. ३६००४०१००००००४ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्नेछ। साथै बैंक ग्यारेन्टी लाई समेत मान्यता दिईने छ।

५. कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ। रित नपुगी वा म्याद नाघी आएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन।

६. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

७. सिलबन्दी दरभआउपत्र स्वीकृत भएपछि ठेक्का सम्झौता गर्नुपुर्व प्रथम किस्ता बापत ५० प्रतिशत रकम दाखिला गर्नुपर्नेछ। अन्य किस्ताको धितो बापत बैंक ग्यारेन्टी बनाई पेश गर्नुपर्नेछ।

८. नियमानुसार लाग्ने सम्पुर्ण कर फर्म स्वयंले व्यहोर्नु पर्नेछ। साथै ठेक्काका अन्य शर्तहरु सिलबन्दी दरभाउपत्रमा तोकिए अनुसार हुनेछ।

९. यस सुचनामा नपरेका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ। थप जानकारीको लागि ९८५७०६७९०६ मा सम्पर्क गर्नुहुन।

| ठेक्का नं. | ठेक्काको विवरण | इकाई | उत्खनन गर्नसकिने परिमाण (घ.मी) | न्यूनतम ठेक्काअङ्क (मु.अ.कर बाहेक) | टेण्डर दस्तुर |
|---|---|---|---|---|---|
| OMRU-GUL-SQ-07-083/84 | घमिरखोला(सिलादी खोला क्षेत्र समेत)मा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ.मी. | १७६ | ४९६९२.०० | १००० |
| OMRU-GUL-SQ-08-083/84 | हुल खोला क्षेत्र मा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ.मी. | १६० | ४५१७४.०० | १००० |
| OMRU-GUL-SQ-09-083/84 | गिठे कटाह मालिका ८ क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ.मी. | १५८ | ४४६१०.०० | १००० |
| OMRU-GUL-SQ-10-083/84 | कटाह शाहीकुम्टा मालिका ८ क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ.मी. | ३६० | १०१६४२.०० | १००० |
| OMRU-GUL-SQ-11-083/84 | फुलबारी घाट मालिका ६-७ क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ.मी. | ५६७ | १६००८७.०० | १००० |
| OMRU-GUL-SQ-12-083/84 | अल्छ्याङ मालिका ८ क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ.मी. | १२९६ | ३६५९१३.०० | १००० |
| OMRU-GUL-SQ-13-083/84 | तिलाकाटे मालिका ८ बगर क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ.मी. | ११५२ | ३२५२५६.०० | १००० |
| OMRU-GUL-SQ-14-083/84 | नेटा लिलिङ बडिगाड तथा वुनाम क्षेत्रमा पर्ने नविजन्य पदार्थ बिक्रि कार्य | घ.मी. | ७५६ | २१३४४९.०० | १००० |
| OMRU-GUL-SQ-15-083/84 | सिस्नेरी घाट (निस्तीखोला) क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ.मी. | १४४ | ४०६५७.०० | १००० |
| OMRU-GUL-SQ-16-083/84 | डाँडाखेत, वडार हाईड्रोपावर (निस्ती खोला) क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ.मी. | १३२ | ३७२६९.०० | १००० |
| OMRU-GUL-SQ-17-083/84 | अर्जैखोला क डडुवा बगर क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ.मी. | ३८४ | १०८४१९.०० | १००० |
| OMRU-GUL-SQ-18-083/84 | अर्जैखोला ख साउबोट बगर क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ.मी. | ७८४ | २२१३५५.०० | १००० |